लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७

जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY

www.erupse.com साप्ताहिक

वर्ष ८, अंक ३१ २०८३ असोज २ गते शुक्रबार (Friday 18 September 2026) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-




# शीतोष्ण बागवानी केन्द्र ६० वर्षमा, फलफूल र प्रविधि विस्तारको केन्द्र बन्दै

**अमृत बास्कुने**

हिमालपारीको जिल्ला मुस्ताङको शीतोष्ण बागवानी विकास केन्द्र, मार्फाले आफ्नो स्थापनाको ६०औँ वर्ष पूरा गरेको अवसरमा वार्षिकोत्सव समारोह सम्पन्न गरेको छ । कार्यक्रममा केन्द्रले विगतदेखि गर्दै आएको फलफूल तथा तरकारी उत्पादन, गुणस्तरीय बिरुवा विकास, अनुसन्धान, प्रविधि प्रसार र कृषकसँगको सहकार्यका उपलब्धि प्रस्तुत गर्दै आगामी कार्यदिशासमेत सार्वजनिक गरेको छ ।

हिमालपारीको जिल्ला मुस्ताङको घरपभोङ गाउँपालिका २ मार्फामा रहेको शीतोष्ण बागवानी विकास केन्द्रले आफ्नो ६० औं वार्षिकोत्सवब मनाएको छ । केन्द्रका प्रमुख प्रकाश पन्थको अध्यक्षता तथा कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको वार्षिकोत्सवका अवसरमा लोघेकर दामोदरकुण्ड गाउँपालिकाको घमी सामुदायिक स्याउबारी कृषक समूहलाई पुरस्कृत गरीएको थियो । त्यसैगरी कृषक अगुवा सुरेन्द्रकुमार हिराचन एवम् शीतोष्ण वागवानी विकास केन्द्रका उत्कृष्ट कर्मचारी सन्जिना माझी र अष्ट विकलाई सम्मान गरिएको थियो । सम्मानित व्यक्तित्व सुरेन्द्रकुमार हिराचनले केन्द्रको योगदान, कृषकसँगको सम्बन्ध र शीतोष्ण फलफूल खेतीको विकासका विषयमा मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा कृषि, वन तथा पर्यावरणमन्त्री चौधरीले विभिन्न क्षेत्रमा भएका समस्याहरूको समाधानका लागि अहिलेको सरकार लागिपरेको बताइन् । उनले यो वर्षलाई कानुन सुधारको वर्षका रूपमा लिँदै अगाडी बढीएको बताउदै वागवानि विकास केन्द्रले उत्पादन गर्ने ब्राण्डीलाई अन्तराष्टिय बजारमा लैजानु पर्ने समेत धारणा राखिन् ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अजिता शर्मा, राष्ट्रिय फलफूल विकास केन्द्रका प्रमुख महेशचन्द्र आचार्य, कृषि विभागका उपमहानिर्देशक बद्रीप्रसाद दाहाल, बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामगेल गुरुङ, लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु बिष्ट, जिल्ला समन्वय प्रमुख माया गुरुङलगायतले केन्द्रको भूमिका र कृषि विकासका विषयमा मन्तव्य व्यक्त गरेका थिए ।

केन्द्र प्रमुख पन्थले वार्षिकोत्सवका अवसरमा केन्द्रको इतिहास, भौगोलिक अवस्था, उत्पादन, अनुसन्धान, प्रविधि प्रसार, उपलब्धि, समस्या, चुनौती र भावी योजनासहितको प्रस्तुतीकरण गरेका थिए । उनका अनुसार मार्फामा रहेको यो केन्द्रको संस्थागत यात्रा २०२३ सालमा 'अर्चाड कम नर्सरी'का रुपमा सुरु भएको थियो । २०२९ सालमा कृषि फार्म थाक मार्फा, २०४३ सालमा राष्ट्रिय शीतोष्ण बागवानी अनुसन्धान केन्द्र, २०५२ सालमा बागवानी केन्द्र हुँदै २०६१ सालदेखि शीतोष्ण बागवानी विकास केन्द्रका रुपमा सञ्चालनमा रहेको छ ।

शीतोष्ण बागवानी विकास केन्द्र मार्फाको कुल क्षेत्रफल ५१ दशमलव ६ हेक्टर रहेको छ । मार्फा, घाँसा, घमी र जोमसोममा केन्द्रको जग्गा रहेको छ । हाल केन्द्रको कार्यक्रम सञ्चालन भएको क्षेत्रफल ७ दशमलव ४ हेक्टर रहेको प्रस्तुतीकरणमा उल्लेख छ । त्यसमध्ये मार्फामा ६ दशमलव ९ र घाँसामा शून्य दशमलव ५ हेक्टर क्षेत्रफलमा कार्यक्रम सञ्चालन भइरहेको छ । समुद्री सतहदेखि दुई हजार ६५० मिटर उचाइमा रहेको केन्द्र शीतोष्ण फलफूल तथा तरकारी उत्पादनका लागि महत्वपूर्ण क्षेत्रका रुपमा विकास भइरहेको छ । यहाँ स्याउ, ओखर, आरु, आरुवखडा, खुर्पानी, कागजी बदाम, हेजलनट, मिठो चेरी, अङ्गुरलगायत फलफूलका बिरुवा उत्पादन तथा बिक्री वितरण हुँदै आएको छ । केन्द्रमा स्याउका ३५ भन्दा बढी जातको परीक्षण तथा संरक्षण गरिएको छ ।

केन्द्रले गुणस्तरीय फलफूलका बिरुवा उत्पादनसँगै तरकारीको मूल बीउ उत्पादन तथा बिक्री वितरण गर्दै आएको छ । मार्फा रायो, मुला, बन्दा, गाजर, स्विस चार्ड, सलगम, स्थानीय धनियाँ, स्थानीय लसुन र आलुलगायतका बीउ उत्पादन हुने गरेको छ । कृषक, कृषक समूह, बीउ उत्पादक तथा सहकारीलाई आवश्यकता र उपलब्धताका आधारमा बीउ वितरण गर्ने गरिएको केन्द्रले जनाएको छ ।

केन्द्रले फलफूल उत्पादनमा मात्र सीमित नभई उत्पादित वस्तुको प्रशोधन र बजारीकरणमा समेत काम गर्दै आएको छ । स्याउ तथा खुर्पानीको ब्रान्डी, आरुवखडाको वाइन, स्याउको साइडर, जाम तथा सुकुटीजस्ता प्रशोधित वस्तु उत्पादन तथा बिक्री वितरण गरिँदै आएको प्रस्तुतीकरणमा उल्लेख छ ।

आर्थिक वर्ष २०८२/८३ मा केन्द्रबाट विभिन्न बिक्री कार्यक्रममार्फत ७६ लाख पाँच हजार ४५१ रूपैयाँ ९५ पैसा राजस्व संकलन भएको छ । चालु आर्थिक वर्षमा केन्द्रका स्याउको ठेक्का २४ लाख ४१ हजार रूपैयाँमा सम्झौता गरिएको केन्द्र प्रमुख पन्थले जानकारी गराए ।

केन्द्रले पछिल्लो अवधिमा शीतोष्ण फलफूलका २१ हजार ६७ बिरुवा उत्पादन गरेकोमा १२ हजार ६०८ बिरुवा बिक्री वितरण गरेको छ । यसैगरी दुई लाख १९ हजार ५१५ तरकारीका बेर्ना बिक्री गरिएको छ । फलफूल तथा तरकारी प्रशोधनतर्फ ब्रान्डी, साइडर र वाइन गरी दुई हजार ४२१ लिटर, सुकुटी तथा जाम ४४० दशमलव ०५ किलोग्राम, तरकारीको बीउ ६०५ दशमलव १७ किलोग्राम, ताजा तरकारी छ हजार २९० दशमलव ५४ किलोग्राम र ताजा फलफूल एक हजार २६ दशमलव ८ किलोग्राम बिक्री गरिएको विवरण प्रस्तुत गरिएको थियो । प्रविधि प्रसारलाई केन्द्रले आफ्नो अर्को महत्वपूर्ण जिम्मेवारीका रुपमा अघि बढाएको छ । केन्द्रले विभिन्न जिल्लाका कृषक, नर्सरी व्यवसायी तथा कृषि प्राविधिकलाई तालिम प्रदान गर्दै आएको छ । पछिल्लो अवधिमा १७ जिल्लाका ३५ व्यवसायिक किसान तथा उद्यमीलाई कृषि सामग्रीसहित तालिम दिइएको, स्थानीय तहको समन्वयमा ७५ कृषकलाई काँटछाँट अभियान सञ्चालन गरिएको तथा लोघेकर-दामोदरकुण्ड र थासाङ गाउँपालिकाका करिब ६० फलफूल कृषकलाई ओखरमा टपवर्किङसम्बन्धी तालिम दिइएको केन्द्रको विवरणमा उल्लेख छ ।

त्यस्तै, १७ जिल्लाका १९ नर्सरीधनीलाई तीनदिने नर्सरी व्यवस्थापनसम्बन्धी तालिम तथा १३ जिल्लाका १७ जना स्थानीय तह, संघ र प्रदेशका प्राविधिकलाई उच्च घनत्वको स्याउ खेतीसम्बन्धी चारदिने तालिम दिइएको छ । डोल्पा र बागलुङमा स्याउ तथा म्याग्दी र पर्वतमा ओखरका नमुना बगैँचा स्थापना गरी फलफूल खेती विस्तारको कामसमेत भइरहेको केन्द्रले जनाएको छ ।

केन्द्रको अनुसन्धानतर्फ तन्तु प्रजनन प्रयोगशाला महत्वपूर्ण संरचनाका रुपमा विकास भइरहेको छ । प्रयोगशालाबाट विभिन्न जातका स्याउका रूटस्टक तथा बिरुवा उत्पादन र परीक्षण भइरहेको छ । केन्द्रले गाला, गोल्डेन डेलिसियस, फुजी र किङ रोट डेलिसियसजस्ता स्याउका जातका ग्राफ्टेड बिरुवाको विभिन्न स्थानमा प्रभावकारितासम्बन्धी अध्ययनसमेत गरिरहेको छ ।

केन्द्र प्रमुख पन्थले जलवायु परिवर्तनलाई आगामी दिनको प्रमुख चुनौतीका रुपमा औँल्याउनुभएको छ । समयमा हिउँ नपर्नु, बढी वर्षा, बाढीपहिरो तथा भूक्षयका कारण शीतोष्ण फलफूलको उत्पादन र महत्वपूर्ण जर्मप्लाज्म संरक्षणमा चुनौती थपिएको उहाँको प्रस्तुतीकरणमा उल्लेख छ । तर, वनस्पति तथा फलफूल उत्पादनको क्षेत्र क्रमशः माथिल्लो भूभागतर्फ विस्तार भइरहेकाले यसलाई चुनौतीसँगै अवसरका रुपमा समेत लिन सकिने केन्द्रको निष्कर्ष छ ।

केन्द्रले आगामी दिनमा तन्तु प्रजनन प्रयोगशालालाई थप प्रभावकारी बनाउने, शीतोष्ण फलफूल तथा तरकारी बीउ उत्पादनको उत्कृष्टताको केन्द्रका रुपमा विकास गर्ने, घमी तथा उपल्लो मुस्ताङमा रहेको करिब ८०१ रोपनी जग्गालाई स्याटेलाइट फार्मका रुपमा विकास गर्ने तथा कृषि तथा बागवानी पर्यटन प्रवर्द्धन गर्ने योजना अघि सारेको छ ।

वार्षिकोत्सव कार्यक्रमको औपचारीक कार्यक्रम केन्द्रका प्रमुख पन्थले कार्यक्रमको समापन गरेपछि अतिथि तथा सहभागीले केन्द्रमा आयोजित फलफूल तथा कृषि उत्पादन प्रदर्शनीको अवलोकन गरेका थिए । वार्षिकोत्सवले मार्फा केन्द्रको ६ दशक लामो यात्रालाई स्मरण गर्दै मुस्ताङको शीतोष्ण फलफूल खेती, गुणस्तरीय बिरुवा उत्पादन, अनुसन्धान र कृषकसम्म प्रविधि विस्तारलाई थप व्यवस्थित बनाउने विषयमा सरोकारवालाबीच छलफलको अवसरसमेत प्रदान गरेको थियो ।






सम्पादकीय

# बालिका आमा कहिलेसम्म?

बेनी अस्पतालको पछिल्लो १४ महिनाको तथ्यांकले हाम्रो समाजसामु गम्भीर प्रश्न खडा गरेको छ। २० वर्षभन्दा कम उमेरका ७६ जना किशोरी अस्पतालमा सुत्केरी भएका छन्। तीमध्ये १८ वर्ष नपुगेका ३७ जना छन्। अझ सबैभन्दा कम उमेरकी १४ वर्षकी बालिकाले बच्चा जन्माएकी छिन्। यो तथ्यांकलाई एउटा अस्पतालको अभिलेखका रुपमा मात्र हेर्नु ठूलो भूल हुनेछ। यो हाम्रो परिवार, समाज, विद्यालय र बाल संरक्षण प्रणालीको अवस्थाको ऐना हो। १४ वर्षको उमेर भनेको मातृत्वको जिम्मेवारी बोक्ने समय होइन। त्यो उमेरमा बालिका विद्यालयमा पढिरहेकी, खेलिरहेकी र आफ्नो भविष्यका सपना बुन्दै हुनुपर्ने हो। तर त्यही उमेरमा गर्भावस्था र प्रसूतिको अवस्थासम्म पुग्नुले हामीले बालिकालाई समयमै सुरक्षित गर्न सकेनौं भन्ने प्रश्न उठाउँछ।

नेपालमा विवाहका लागि २० वर्षको कानुनी उमेर तोकिएको छ। १८ वर्षभन्दा कम उमेरका बालिकाको यौन सुरक्षाका लागि पनि कानुनले विशेष व्यवस्था गरेको छ। तर कानुन बनाएर मात्र बालविवाह र कम उमेरको मातृत्व रोकिँदैन। कानुनको प्रभाव घर, विद्यालय र समुदायको व्यवहारमा देखिनुपर्छ।

बेनी अस्पतालको तथ्यांकले स्वास्थ्य जोखिम पनि गम्भीर रहेको देखाएको छ। २० वर्षमुनिका ७६ सुत्केरीमध्ये ३० जनाको शल्यक्रिया गर्नुपरेको छ। शल्यक्रियाको दर ३९ दशमलव ५ प्रतिशत पुगेको छ। १८ वर्षमुनिका किशोरीमा यो दर ४० प्रतिशत र १५ वर्ष उमेरका सुत्केरीमध्ये ७५ प्रतिशतसम्म पुगेको तथ्यांक छ। कलिलो उमेरमा गर्भधारण गर्दा शरीर पूर्ण रुपमा परिपक्व नभइसकेका कारण प्रसूतिको समयमा जटिलताको जोखिम बढ्न सक्ने स्वास्थ्यकर्मीहरुको भनाइ छ। अझ ७६ जनामध्ये ५२ जना दलित समुदायका हुनु पनि गम्भीर सामाजिक संकेत हो। यसलाई कुनै समुदायको कमजोरीका रुपमा होइन, गरिबी, शिक्षामा पहुँच, विद्यालय छाड्ने अवस्था र बालविवाहजस्ता जोखिम केही समुदायमा बढी हुन सक्ने अवस्थाका रुपमा बुझ्नुपर्छ। अब उपचारमा मात्र होइन, रोकथाममा ध्यान दिनुपर्ने बेला आएको छ। कुनै बालिका विद्यालयबाट अचानक बाहिरिँदा कारण खोज्ने, कम उमेरमा विवाहको तयारी भइरहेको थाहा पाएपछि तत्काल रोक्ने, जोखिममा रहेका बालबालिकाको पहिचान गर्ने र उनीहरुलाई परामर्श तथा संरक्षण दिने प्रणाली बलियो बनाउनुपर्छ।

स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका, अभिभावक, प्रहरी र समुदायबीच प्रभावकारी समन्वय आवश्यक छ। किशोर-किशोरीमैत्री स्वास्थ्य सेवा र उमेरअनुकूल यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सही जानकारी गाउँगाउँसम्म पुर्‍याउनुपर्छ। १४ वर्षकी बालिका प्रसूति वार्डमा पुगेपछि मात्र चिन्ता गर्ने होइन, उनी त्यहाँ पुग्नुपर्ने अवस्था नै आउन नदिने समाज निर्माण गर्नु आजको आवश्यकता हो। बालिका आमा बन्ने संख्या घटाउनु मात्र पर्याप्त छैन। बालिका आमा बन्नुपर्ने बाध्यता अन्त्य गर्नु हाम्रो लक्ष्य हुनुपर्छ। उनलाई समयअगावै मातृत्वको बोझ होइन, सुरक्षित बाल्यकाल, शिक्षा र आफ्नो भविष्य रोज्ने अधिकार दिन सक्नु नै वास्तविक सामाजिक सफलता हो।

# स्थानीय सरकारको साझा आवाजमा हिमाल बचाऔं, मानव भविष्य बचाऔं

हिमाल पग्लिँदै छन्, हिमताल विस्तार भइरहेका छन्, वर्षा र हिमपातको स्वरुप फेरिँदै गएको छ । कतै अतिवृष्टि र बाढीको जोखिम बढिरहेको छ भने कतै पानीका मुहान सुक्दै गएका छन् । जलवायु परिवर्तनका यस्ता प्रत्यक्ष असरबीच मुस्ताङको जोमसोममा दुई दिनसम्म चलेको 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन-२०८३' ले हिमालदेखि तराईसम्मका स्थानीय सरकारको साझा आवाजका रुपमा ४९ बुँदे 'जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणापत्र, २०८३' जारी गरेको छ ।

विश्व ओजोन दिवसका अवसरमा कालीगण्डकीको तट, शालग्रामको पावन भूमि तथा निलगिरि र धौलागिरि हिमालको काखबाट जारी घोषणापत्रले जलवायु परिवर्तनलाई वातावरणको मात्र समस्या नभई विकास, आर्थिक समृद्धि, सामाजिक न्याय, मानव अधिकार, जीविकोपार्जन र राष्ट्रिय सुरक्षासँग जोडिएको बहुआयामिक संकटका रुपमा स्वीकार गरेको छ । घोषणापत्रले स्थानीय सरकारलाई जलवायु संकटको प्रभाव भोग्ने मात्र होइन, समाधानको नेतृत्व गर्ने तहका रुपमा स्थापित गर्ने प्रयास गरेको छ । भदौ ३० र ३१ गते जोमसोममा भएको सम्मेलनको मूल सन्देश स्थानीय तहको जिम्मेवारी र जलवायु न्यायलाई जोड्नु रहेको छ । घोषणापत्रमा "हिमालको आवाज, स्थानीय तहको संकल्प र जलवायु न्यायको साझा प्रतिबद्धता" तथा "स्थानीय तहको जिम्मेवारी : जलवायु न्यायका लागि साझेदारी"लाई मार्गदर्शक भावनाका रुपमा अघि सारिएको छ ।

नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा न्यून योगदान गरे पनि जलवायु परिवर्तनको असर उच्च रुपमा भोगिरहेको तथ्यलाई घोषणापत्रले स्पष्ट रुपमा उठाएको छ । ऐतिहासिक उत्सर्जन, वर्तमान उत्सर्जन, क्षमता, जोखिम र आवश्यकतालाई आधार बनाएर जलवायु वित्त, प्रविधि हस्तान्तरण, क्षमता विकास तथा हानि-क्षति सम्बोधनसम्बन्धी अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्न विश्व समुदायसँग माग गरिएको छ ।

घोषणापत्रले हिमाललाई नेपालको मात्र प्राकृतिक सम्पदा नभई एसियाका करोडौँ मानिसको पानी, खाद्य सुरक्षा, पारिस्थितिकीय सन्तुलन र जीविकोपार्जनसँग जोडिएको विश्वव्यापी जीवन प्रणालीका रुपमा व्याख्या गरेको छ । "हिमाल बचेमात्रै पहाड बच्छ, तराई बच्छह्य हिमाल बचेमात्रै नदी बच्छ, समुद्र बच्छ" भन्ने भावनासहित हिमाल संरक्षण र क्रायोस्फेयर एजेन्डालाई विश्वव्यापी जलवायु प्राथमिकता बनाउन नेपाल सरकारले अन्तर ाष्ट्रिय तहमा पहल गर्नुपर्ने माग गरिएको छ ।

**जोखिमको वैज्ञानिक पहिचानदेखि पूर्वसूचना प्रणालीसम्म**

घोषणापत्रको सुरूआती खण्डले स्थानीय तहमा जलवायु तथा बहुविपद् जोखिमको वैज्ञानिक अध्ययन, जोखिम नक्साङ्कन र अभिलेखीकरणलाई संस्थागत गर्ने प्रतिबद्धता जनाएको छ । हिमताल, हिमनदी, नदी, पहिरो, हिमपहिरो, डढेलो, खडेरी, बाढी, अतिवृष्टि र अनावृष्टिजस्ता जोखिमको नियमित अनुगमन गर्दै भूगोलमा आधारित बहुसूचना प्रणाली विकास गर्ने विषयलाई प्राथमिकता दिइएको छ । "विपद्पछि उद्धार"मा केन्द्रित प्रणालीलाई "विपद् आउनुअघि जोखिम न्यूनीकरण र पूर्वकार्य"मा रुपान्तरण गर्नुपर्नेमा घोषणापत्रले विशेष जोड दिएको छ । जोखिमयुक्त स्थानीय तहमा समुदायसम्म पुग्ने बहुप्रकोपीय पूर्वसूचना तथा आपत्कालीन सञ्चार प्रणाली सुदृढ गर्ने प्रतिबद्धता पनि गरिएको छ । पूर्वाधार निर्माणमा पनि भविष्यको जलवायु जोखिमलाई अनिवार्य रुपमा समावेश गर्नुपर्ने उल्लेख छ । सडक, पुल, खानेपानी, सिँचाइ, विद्यालय, स्वास्थ्य संस्था, पर्यटन पूर्वाधार तथा सार्वजनिक संरचना निर्माण गर्दा "आजको जोखिमका लागि मात्र होइन, भोलिको जलवायुका लागि पूर्वाधार" भन्ने नीति अवलम्बन गर्न सरकारहरुलाई आग्रह गरिएको छ ।

**पानी, कृषि र पर्यटनमा जलवायु अनुकूलन**

घोषणापत्रले पानीका मुहान, हिमनदी, हिमताल, नदी, ताल तथा भूमिगत जलस्रोतको संरक्षण, पुनःस्थापना र पुनर्भरणलाई स्थानीय विकासको प्राथमिकतामा राख्नुपर्ने जनाएको छ । वर्षाको पानी सङ्कलन, पानीको दक्ष उपयोग र जलस्रोतको समन्यायिक वितरणलाई प्रवर्द्धन गर्ने प्रतिबद्धता पनि गरिएको छ । कृषि तथा पशुपालनलाई जलवायु अनुकूल बनाउन रैथाने तथा जलवायु अनुकूल बीउ, प्रविधि, सिँचाइ प्रणाली, कृषि विविधीकरण, माटो संरक्षण, पशु स्वास्थ्य र जलवायु-सहिष्णु कृषि प्रणालीमा जोड दिइएको छ । कृषक तथा पशुपालकलाई बिमा, वित्तीय पहुँच, प्रविधि र बजारसँग जोड्ने विषयसमेत समेटिएको छ ।

हिमाली तथा संवेदनशील क्षेत्रमा पर्यटनको वहन क्षमता, फोहोर व्यवस्थापन, पानीको उपयोग, ऊर्जा दक्षता, सुरक्षित पदमार्ग तथा विपद् सुरक्षा प्रणालीलाई पर्यटन विकाससँग जोड्ने उल्लेख छ । यसले मुस्ताङजस्तो पर्यटनमा निर्भर हिमाली क्षेत्रका लागि जलवायु परिवर्तन र पर्यटनबीचको सम्बन्धलाई प्रत्यक्ष रुपमा सम्बोधन गरेको छ ।

**जलवायु वित्त स्थानीय तहसम्म पुर्‍याउने माग**

घोषणापत्रको अर्को महत्वपूर्ण पक्ष जलवायु वित्त हो । जलवायु परिवर्तनको असर स्थानीय तहमा प्रत्यक्ष देखिए पनि जलवायु वित्तमा स्थानीय तहको पहुँच सीमित रहेको भन्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जलवायु कोषबाट स्थानीय तह र समुदायसम्म सरल, पारदर्शी, अनुमानयोग्य, आवश्यकतामा आधारित र परिणाममुखी वित्तीय पहुँच सुनिश्चित गर्न माग गरिएको छ ।

जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा हानि-नोक्सानी सम्बोधनका लागि अनुदान तथा अत्यन्त सहुलियतपूर्ण वित्तलाई प्राथमिकता दिनुपर्ने र जलवायु संकटका कारण जोखिममा परेका विकासशील तथा हिमाली समुदायमाथि ऋणभार सिर्जना गर्ने वित्तीय संरचनाप्रति सावधानी अपनाउनुपर्ने घोषणापत्रमा उल्लेख छ ।

**मुस्ताङको कालीगण्डकीदेखि भोटेकोशीसम्मको जोखिम**

४२औँ बुँदाले भने मुस्ताङको स्थानीय समस्या नै राष्ट्रिय तथा जलवायु न्यायको बहसमा ल्याएको छ । कालीगण्डकी नदी र सहायक खोलामा बालुवा, ढुंगा, गिट्टीलगायत नदीजन्य पदार्थ थुप्रिँदै जाँदा नदीको सतह बस्तीभन्दा माथि आउन सक्ने र पुल, नदी किनारका बस्ती तथा संरचना बगाउने जोखिम बढेको उल्लेख गर्दै नदीजन्य पदार्थ व्यवस्थापनका लागि आवश्यक कानुनी संशोधन गर्न माग गरिएको छ ।

त्यस्तै ४३औँ बुँदामार्फत् भाद्र १० गते लामटाङ लिरूङ हिमालको हिमचट्टान/हिमनदी खस्याप भई भोटेकोशी नदीमा आएको लेदोसहितको आकस्मिक बाढीबाट सिर्जित महासङ्कट र हानि-नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराउन अन्तर्राष्ट्रिय जलवायु वित्तीय संयन्त्रहरुसमक्ष आह्वान गरिएको छ ।

यसले सम्मेलनलाई केवल मुस्ताङमा आयोजना भएको वातावरणीय कार्यक्रमभन्दा माथि उठाएर हिमाली विपद्, हानि-नोक्सानी र जलवायु न्यायको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहससँग जोडेको छ ।

**स्थानीय सरकारको साझा प्रतिबद्धता**

घोषणापत्रको ४४औँ बुँदामा नेपालका स्थानीय तहहरुले आफ्ना नीति, योजना तथा बजेटमा जलवायु परिवर्तन र विपद् जोखिमलाई मूलप्रवाहीकरण गर्ने, जोखिम पहिचान तथा पूर्वसूचना प्रणाली सुदृढ गर्ने, जलवायु उत्थानशील पूर्वाधार निर्माण गर्ने, हिमाल, पानी, वन, माटो तथा जैविक विविधता संरक्षण गर्ने प्रतिबद्धता गरेका छन् । यसै बुँदामा जलवायु अनुकूल कृषि तथा पशुपालन, महिला र युवाको सहभागिता, हरित रोजगारी, स्थानीय तथ्याङ्क तथा ज्ञान प्रणाली, जलवायु वित्तको पारदर्शी उपयोग, प्लास्टिक प्रयोग निरूत्साहन तथा स्थानीय पाठ्यक्रममा जलवायु विषय समावेश गर्ने प्रतिबद्धता गरिएको छ ।

विशेष रुपमा ७५३ स्थानीय सरकारको साझा पहिचान र प्रतिबद्धता झल्किने गरी घरपझोङ गाउँपालिकाको जोमसोममा "स्थानीय सरकार जलवायु पार्क" स्थापना गर्ने संकल्प गरिएको छ । खडेरी तथा जलवायुजन्य जलसंकट न्यूनीकरणका लागि वर्षाजल सङ्कलन, भूमिगत जल पुनर्भरण, जलस्रोत संरक्षण र जल-दक्ष कृषि प्रणालीमार्फत जलसुरक्षित तथा जलवायु उत्थानशील समुदाय निर्माण गर्ने प्रतिबद्धता पनि गरिएको छ ।

**घोषणापत्र कार्यान्वयनको परीक्षा अब**

सम्मेलनबाट घोषणापत्र जारी भएपछि यसको प्रभावकारिताको मुख्य प्रश्न अब कार्यान्वयन बनेको छ । घोषणापत्रको ४५औँ बुँदाले यसको प्रतिबद्धता कार्यान्वयन र प्रगति अनुगमनका लागि स्थानीय तहका प्रतिनिधि, विषयविज्ञ तथा सरोकारवाला निकायको सहभागितामा "घरपझोङ जलवायु कार्यान्वयन तथा समन्वय संयन्त्र" निर्माण गर्ने पहल गर्ने व्यवस्था गरेको छ ।

४६औँ बुँदामा हरेक वर्ष प्रगति समीक्षा गरी उपलब्धि, चुनौती, सिकाइ र आगामी कार्यदिशासहित सार्वजनिक गर्ने व्यवस्था गर्न पहल गर्ने भनिएको छ । ४७औँ बुँदाले कार्यक्रम र बजेट खर्चलाई मात्र आधार नबनाई जोखिम न्यूनीकरण, जनजीवनको सुरक्षा, जीविकोपार्जन संरक्षण, पारिस्थितिकीय प्रणालीको पुनःस्थापना, वित्तीय पहुँच र समुदायको उत्थानशीलताका आधारमा परिणाम मापन गर्ने व्यवस्था गरेको छ ।

सबैभन्दा महत्वपूर्ण रुपमा ४८औँ बुँदाले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी सम्पूर्ण स्थानीय तहलाई समेटेर प्रत्येक दुई वर्षमा जलवायु परिवर्तन सम्मेलन आयोजना गर्ने र त्यसलाई निरन्तरता दिने व्यवस्था गरेको छ । यसका लागि जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले समन्वयकारी भूमिका निर्वाह गर्ने उल्लेख छ ।

जोमसोमबाट जारी घोषणापत्रले अन्ततः जलवायु संकटलाई न्याय, समानता, सहकार्य, विज्ञान, स्थानीय ज्ञान र सामूहिक उत्तरदायित्वमा आधारित विषयका रुपमा अघि सारेको छ । घोषणापत्रको अन्तिम सन्देशमा स्थानीय तह बलियो भए जलवायु उत्थानशीलता बलियो हुने, समुदाय सुरक्षित भए राष्ट्र सुरक्षित हुने र हिमाल सुरक्षित भए मानव सभ्यताको भविष्य सुरक्षित हुने विश्वास व्यक्त गरिएको छ ।

पवित्र कालीगण्डकीको तट, शालग्रामको भूमि, मुक्तिनाथको छत्रछाया तथा निलगिरि र धौलागिरिलाई साक्षी राखेर गरिएको अन्तिम आह्वान छ- "हिमाल बचाऔँ, जलवायु बचाऔँह्य प्रकृति बचाऔँ, मानव भविष्य बचाऔँ ।"

**घोषणापत्रका ४९ बुँदा**

**भाग-१ : हाम्रो साझा दृष्टिकोण**

१. जलवायु संकटलाई विकास संकटका रुपमा स्वीकार

जलवायु परिवर्तनलाई कृषि, वन तथा पर्यावरण मन्त्रालय वा वातावरणसम्बन्धी मामिला हेर्ने प्रदेश सरकारका मन्त्रालय वा वातावरण क्षेत्रमा प्रत्यक्ष रुपमा काम गर्ने निकायहरुको मात्र विषय नभई राष्ट्रिय विकास, स्थानीय विकास, आर्थिक समृद्धि, सामाजिक न्याय, मानव अधिकार र राष्ट्रिय सुरक्षासँग जोडिएको बहुआयामिक संकटका रुपमा स्वीकार गर्दछौँ । जलवायु जोखिमलाई हरेक स्थानीय तहको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट, पूर्वाधार विकास, भू-उपयोग, कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, खानेपानी तथा सामाजिक विकासका योजनामा मूलप्रवाहीकरण गर्न प्रतिबद्ध छौँ ।

**२. जलवायु न्यायको मागलाई मूल मुद्दा बनाउने**

कार्बन उत्सर्जनमा न्यून योगदान गर्ने तर जलवायु परिवर्तनको अत्यधिक असर भोगिरहेको नेपाल र नेपालजस्ता मुलुक तथा स्थानीय समुदायप्रति अन्तर्राष्ट्रिय जलवायु न्याय सुनिश्चित हुनुपर्नेमा जोड दिन्छौँ ।

ऐतिहासिक उत्सर्जन, वर्तमान उत्सर्जन, क्षमता, जोखिम तथा आवश्यकतासमेतलाई ध्यानमा राखी जलवायु वित्त, प्रविधि हस्तान्तरण, क्षमता विकास तथा हानि-क्षति सम्बोधनका अन्तर्राष्ट्रिय दायित्वहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेपाल सरकारमार्फत विश्व समुदायसँग माग गर्दछौँ ।

**३. हिमालको संरक्षणलाई विश्वव्यापी प्राथमिकता बनाउन माग गर्ने**

हिमाल केवल नेपालको प्राकृतिक सम्पदा होइनह्य एसियाका करोडौँ मानिसको पानी, खाद्य सुरक्षा, पारिस्थितिकीय प्रणालीको सन्तुलन र जीविकोपार्जनसँग जोडिएको व्यापक एवम् विश्वव्यापी जीवन-प्रणाली हो । हिमाल बचेमात्रै पहाड बच्छ, तराई बच्छ । हिमाल बचेमात्रै नदी बच्छ, समुद्र बच्छ । त्यसैले हिमाल संरक्षण र क्रायोस्फेयर एजेन्डालाई विश्वव्यापी जलवायु प्राथमिकताका रुपमा स्थापित गर्न अन्तर्राष्ट्रिय समुदायसमक्ष सशक्त पहल गर्न नेपाल सरकारलाई आग्रह गर्दछौँ ।

**भाग-२ : विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता**

**४. जोखिमको पहिचान र नक्साङ्कन**

सबै स्थानीय तहमा जलवायु तथा बहुविपद् जोखिमको वैज्ञानिक अध्ययन, भौगोलिक सूचना, जोखिम नक्साङ्कन तथा जोखिम अभिलेखीकरणलाई

बाँकी पाँचौं पृष्ठमा

# बाढी पिडीतलाई प्याब्सनको ९ लाख ३३ हजार सहयोग

म्याग्दीका निजी विद्यालय र विद्यार्थीले भोटेकोशी बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका लागि नौ लाख रूपैयाँभन्दा बढी आर्थिक सहयोग गरेका छन् । जिल्लाका विभिन्न निजी विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकबाट संकलित नौ लाख ३३ हजार दुई सय ८१ रूपियाँ प्रधानमन्त्री दैवीप्रकोप तथा विपद् व्यवस्थापन कोषमा जम्मा गरिएको हो ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) म्याग्दीको पहलमा विपद्का कारण ठूलो जनधनको क्षति व्यहोरेका परिवारलाई सहयोग गर्ने उद्देश्यले प्याब्सन केन्द्रीय कार्यालयको परिपत्र तथा निर्देशनअनुसार जिल्लाका विद्यालयमा सहयोग संकलन अभियान सञ्चालन गरि संकलित रकम जम्मा गरिएको प्याब्सन म्याग्दीका अध्यक्ष हीराबहादुर पुनको भनाई छ । पुनका अनुसार अभियानमा विद्यालय तथा विद्यार्थीले स्वस्फूर्त रुपमा सहभागिता जनाएका थिए ।

प्याब्सन म्याग्दीका अध्यक्ष पुनका अनुसार संकलित सम्पूर्ण रकम तोकिएको सरकारी खातामा दाखिला गरिएको छ । विपद्का बेला पीडित परिवारलाई आफ्नो क्षमताअनुसार सहयोग गर्नु सामाजिक दायित्व भएकाले विद्यालय परिवारलाई अभियानमा सहभागी गराइएको बताए ।

सहयोग संकलनमा न्यू वेष्टपोइन्ट बोर्डिङ स्कुलबाट चार लाख ५१ हजार रूपैयाँ संकलन भएको छ । त्यस्तै माउन्ट एभरेष्ट सेकेन्डरी बोर्डिङ स्कुलबाट दुई लाख दुई हजार रूपैयाँ सहयोग प्राप्त भएको छ ।

दरबाङ इङ्लिस बोर्डिङ स्कुलबाट १६ हजार ७० रूपैयाँ, म्याग्दी एकेडेमीबाट १३ हजार रूपैयाँ, बेनी बोर्डिङ सेकेन्डरी स्कुलबाट एक लाख १ हजार एक सय ११ रूपैयाँ, रूम नमुना इङ्लिस बोर्डिङ स्कुलबाट १० हजार रूपैयाँ र केबी एकेडेमीबाट ४० हजार रूपैयाँ संकलन भएको प्याब्सन म्याग्दीले जनाएको छ । त्यसैगरी लिटिल गार्डन एकेडेमीबाट एक लाख एक सय, दरवाङ इङ्लीस बोर्डीङ स्कुलबाट १६ हजार ७० गरी कुल नौ लाख ३३ हजार दुई सय ८१ रूपैयाँ पुगेको प्याब्सन म्याग्दीले जनाएको छ ।

प्याब्सन म्याग्दीले सहयोग अभियानमा सहभागी हुने सबै विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकप्रति आभार व्यक्त गरेको छ । साथै विपद्को कठिन घडीमा पीडित परिवारप्रति सहानुभूति प्रकट गर्दै उनीहरुको शीघ्र पुनर्स्थापनाको कामना गरेको छ ।


## विपद्को पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**अन्नपूर्ण गाउँपालिकाको कार्यालय**
पोखरेबगर, म्याग्दी



## विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्वार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**रघुगंगा गाउँपालिकाको कार्यालय**
मौवाफाँट, म्याग्दी















# प्रकाश दुतराजको नया अभ्यास, भव्य कन्सर्ट

कुनै समय बेनीका गल्ली र चोकमा बाल्यकाल बिताएका प्रकाश दुतराज शनिबार त्यही सहरको खुलामञ्चमा उभिएर आफ्ना गीत गाउँदै थिए । आकाशबाट सिमसिम पानी परिरहेको थियो, तर खुलामञ्चमा जम्मा भएका दर्शकका पाइला रोकिएका थिएनन् । कोही छमछमी नाचिरहेका थिए, कोही मोबाइलमा उनको प्रस्तुति कैद गरिरहेका थिए । दर्शकको त्यो उत्साहबीच दुतराजले आफ्नो सांगीतिक यात्राको अर्को अध्याय सुरू गरे- आफ्नै जन्मथलो म्याग्दीबाट ।

म्याग्दीको मंगला गाउँपालिका-५ अर्मनमा जन्मिएका लोकगायक दुतराजले लोकसंगीतलाई सामूहिक वाद्यवादन र आधुनिक प्रस्तुति शैलीसँग जोड्ने उद्देश्यसहित 'दुतराज प्रकाश एन्ड लाइनअप' नामक सांगीतिक ब्यान्ड सार्वजनिक गरेका छन् । म्याग्दी उद्योग वाणिज्य संघले शनिबार बेनीको खुलामञ्च खेलमैदानमा आयोजना गरेको सांगीतिक कार्यक्रममा ब्यान्डले पहिलोपटक औपचारिक रुपमा प्रस्तुति दिएको हो ।

दुतराजका लागि यो कार्यक्रम एउटा कन्सर्ट मात्र थिएन । बाल्यकाल र किशोरावस्थाको महत्वपूर्ण समय बिताएको बेनीमै उभिएर उनले करिब १४ वर्षदेखि मनमा बोकेको सपना सार्वजनिक गरेका थिए । जुन ठाउँमा बसेर उनले संगीतको सपना देखे, त्यही ठाउँबाट ब्यान्डको यात्रा सुरू गर्न पाउँदा उनको अनुहारमा उत्साहसँगै भावुकता पनि देखिन्थ्यो ।

'यो नेपालको पहिलो लोकसंगीत ब्यान्ड हो,' उनले कार्यक्रममा भने, 'विभिन्न विधाका वाद्यवादक र प्राविधिकलाई समेटेर लोकसंगीतमा नौलो अभ्यासमार्फत दर्शकमाझ पुग्ने अभियान आफ्नै जन्मथलोबाट सुरू गरेको छु ।' म्याग्दीको ग्रामीण परिवेशबाट संगीतको यात्रा सुरू गरेका दुतराज आज नेपाली लोकसंगीतका चर्चित नाममध्ये पर्छन् । सामान्य पारिवारिक पृष्ठभूमिबाट संघर्ष गर्दै संगीतमा स्थापित भएका उनका गीतमा गाउँघरको गन्ध, प्रेमको मिठास, विछोडको पीडा र नेपाली समाजका भोगाइ भेटिन्छन् । यही कारण उनका गीत धेरैका लागि केवल मनोरञ्जनका धुन मात्र बनेका छैनन्, आफ्नै जीवनका कथा सुनाउने माध्यमसमेत बनेका छन् ।

'मनमाया' बाट उनले लोकसंगीतको क्षेत्रमा बलियो पहिचान बनाउँदै लगे । त्यसपछि 'घर कता हो बैनीको', 'रिमै', 'रेशम', 'छैन र माया', 'ऐनाभ्यालैमा' लगायतका गीतले उनलाई श्रोता र दर्शकमाझ थप लोकप्रिय बनायो । उनका गीतमा विशेषगरी ग्रामीण जीवन, प्रेम, सम्बन्ध, मौलिक संस्कृति र नेपाली समाजको भावनात्मक पक्ष झल्किन्छ । मौलिक लोकलयलाई समातेर नयाँ पुस्ताले सहजै रूचाउने प्रस्तुति दिन सक्नु उनको सांगीतिक यात्राको विशेषता मानिन्छ ।

लोकप्रियताको शिखरमा पुगिरहेका बेला दुतराजले अब आफ्नो सांगीतिक यात्रालाई नयाँ ढंगले अघि बढाउने निर्णय गरेका छन् । अहिलेसम्म म्युजिक ट्र्याकमा आधारित प्रस्तुति दिँदै आएका उनी अब प्रत्यक्ष वाद्यवादनसहित दर्शकमाझ पुग्ने तयारीमा छन् । ब्यान्डमा वाद्यवादन र प्राविधिक पक्षसहित कलाकार सहभागी छन् ।

'अबको सांगीतिक प्रस्तुति ट्र्याकभन्दा पनि ब्यान्डको वाद्यावादनसहित हुनेछ,' दुतराजले भने, 'करिब १४ वर्षदेखि मनमा सम्हालेर राखेको सपना जहाँ देखेको थिएँ, त्यहीँबाट फुकाउने अवसर पाएकोमा खुसी र उत्साही छु । ब्यान्डमार्फत संसारभर नेपाली मौलिक बाजालाई प्रवर्धन गर्ने मेरो उद्देश्य हो ।'

उनको यो अभियानलाई म्याग्दी उद्योग वाणिज्य संघले पनि प्रोत्साहन गरेको छ । संघका अध्यक्ष सुविन श्रेष्ठका अनुसार म्याग्दीबाटै गायन यात्रा सुरू गरेका प्रतिभालाई आफ्नै जिल्लामा नयाँ अभियान सुरू गर्न साथ दिनु गौरवको विषय हो । ' म्याग्दी उद्योग वाणिज्य संघले आयोजना गरेको महोत्सवबाट गायन यात्रा थालेका प्रतिभाको प्रोत्साहनका लागि हामीले साथ दिएका छौँ,' श्रेष्ठले भने, 'विपन्न समुदायबाट आएका प्रकाशको संघर्ष र मेहनत प्रेरणादायी छ ।'

ब्यान्डको पहिलो सार्वजनिक प्रस्तुतिले पनि दुतराजको अभियानप्रति दर्शकको उत्साह देखाएको छ । म्याग्दी मात्र होइन, छिमेकी जिल्ला बागलुङ र पर्वतबाट समेत दर्शक बेनी आएका थिए । प्रवेश निःशुल्क गरिएको कार्यक्रममा खुलामञ्च दर्शकले भरिएको थियो । पानीले कार्यक्रम प्रभावित होला भन्ने आयोजकको अनुमानविपरीत दर्शकहरु सिमसिमे पानीमा भिज्दै दुतराजका गीतमा रमाए ।

प्रस्तुतिअघि दुतराजले आफ्नो विगतका संघर्षका दिन सम्झिए । संगीतमा अघि बढ्ने क्रममा साथ दिने परिवार, साथीभाइ, शुभेच्छुक र दर्शकप्रति उनले आभार व्यक्त गरे । उनका लागि म्याग्दी केवल जन्मिएको ठाउँ होइन, संगीतको पहिलो सपना देखेको ठाउँ पनि हो । त्यसैले नयाँ सांगीतिक यात्राको पहिलो पाइला यहीँबाट चाल्नु उनका लागि भावनात्मक निर्णय बनेको छ ।

ब्यान्डले अब नेपालका विभिन्न स्थानमा सांगीतिक टूर गर्ने तयारीसमेत गरेको छ । नेपाली मौलिक बाजा, लोकधुन र सामूहिक वाद्यवादनलाई नयाँ शैलीमा प्रस्तुत गर्दै देशभित्र मात्र होइन, अन्तर्राष्ट्रिय दर्शकमाझ समेत पुर्‍याउने दुतराजको योजना छ । यसअघि जनैपूर्णिमाको अवसरमा भदौ १२ गते आयोजना गर्ने भनिएको कार्यक्रम रसुवामा आएको बाढीका कारण स्थगित भएको थियो । स्थगित कार्यक्रम भदौ २७ गते शनिबार बेनीमा आयोजना गरिएको हो । कार्यक्रममा रसुवा बाढीमा ज्यान गुमाएकाहरुप्रति श्रद्धाञ्जलीसमेत व्यक्त गरिएको थियो । कार्यक्रममा म्याग्देली बालकलाकार क्रियशन रोकामगरले समेत प्रस्तुति दिएका थिए । प्रस्तुति पछि उनलाई म्याग्दी उद्योग वाणिज्य संघका तर्फबाट सम्मान गरिएको थियो ।

म्याग्दीको एउटा गाउँबाट सुरू भएको बालकको संगीतप्रतिको मोह अहिले देशभरका दर्शकले सुन्ने र हेर्ने यात्रामा पुगेको छ । तर दुतराजका लागि त्यो यात्रा अझै पूरा भएको छैन । बरू बेनीको खुलामञ्चबाट सुरू भएको 'दुतराज प्रकाश एन्ड लाइनअप' उनको सांगीतिक सपनाको नयाँ सुरूवात हो- आफ्नै माटोबाट, आफ्नै मौलिक बाजाको धुनसँगै ।

# साप्ताहिक राशीफल




## मिति :- २०८३।०६।०२ देखि २०८३।०६।८

**मेष** - Aries **चु, चे, चो, ला, लि, लु, ले, लो, अ**
अरुको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ। व्यवसायमा लगानी बढाउनुपरे पनि उधारोमा व्यापार हुनेछ। सोमवार र मंगलवार भने विशेष लाभ हुनेछ। भौतिक साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। बुधवारपछि पेसा–व्यवसाय र स्वास्थ्यमा केही समस्या आउन सक्छ। आफ्नो क्षेत्राधिकार संकुचित बन्न सक्छ। परिस्थितिवश चिताएको काम रोकिनेछ। मेसो नमिल्दा योजना अधुरै रहनेछ। अधिकार र प्रतिष्ठा जोगाउन गोपनीयतामा ध्यान पुर्याउनुहोला। आम्दानी कम मात्र हुनेछ।

**वृष** - Taurus **इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**
समयमा आँट गर्न नसक्दा काम रोकिनेछ। अध्ययनमा पनि त्यति ध्यान दिन नसकिएला। स्वास्थ्य समस्याले पनि सताउन सक्छ। सोमवारदेखि स्थिति अनुकूल बन्नुका साथै प्रयत्न गर्दा लक्ष्य पूरा हुनेछ। प्रतिद्वन्द्वीहरुलाई तह लगाउन सकिनेछ। व्यापारमा फाइदा हुनेछ। कामले अरुलाई आकर्षित गर्न सकिनेछ। अप्ठ्यारा चुनौतीहरुलाई पन्छाउने समय छ। रोकिएका धेरै काम बन्नेछन्। आम्दानीको दिगो स्रोत जुटाउन सफल भइनेछ। सप्ताहान्तमा भने अरुको भरपर्दा काम बिग्रन सक्छ। स्वास्थ्यका लागि विश्राम र खानपानमा ध्यान दिनुहोला।

**मिथुन** - Gemini **का, कि, कु, घ, ङ, छ, के, को, हा**
प्रारम्भमा घरेलु समस्या देखापर्न सक्छन्। बेसुरमा वचन दिने बानीले काममा समस्या उत्पन्न होला। अध्ययनमा समय दिन नसक्दा पछि परिनेछ। बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ। तर अरुको भरपर्दा काम बिग्रन सक्छ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। बुधवारपछि स्थितिमा सुधार आउनुका साथै चुनौतीहरु सुल्झनेछन्। आँट र प्रतिभाद्वारा बिस्तारै अरुलाई उछिन्न सकिनेछ। आस मारेको काम बन्नाले उत्साह जाग्नेछ। रोग र शत्रुमाथि विजय प्राप्त हुनेछ। सप्ताहान्तमा रमाइलो यात्राका बीच मानसम्मान प्राप्त हुनेछ।

**कर्कट** - Cancer **हि, हु, हे, हो, डा, डि, डु, डे, डो**
व्यवसायमा लगानी बढाउनुपर्ने अवस्था आउन सक्छ। लाभप्रद कामले लोभ्याए पनि फजुल खर्च हुन सक्छ। अवसरका लागि कडा परिश्रम गर्नुपर्ला। सोमवारदेखि पारिवारिक असमझदारी बढ्न सक्छ। अरुको भर पर्दा महत्वाकांक्षा अधुरो रहनेछ। स्वास्थ्य कमजोर रहनाले अध्ययनमा मन एकाग्र नहुन सक्छ। आँट गर्न नसक्दा काममा पछि परिनेछ। अप्रिय समाचारले मन भारी हुनेछ। तापनि सप्ताहान्त अनुकूल देखिन्छ। मिहिनेत गर्दा पहिलेका कमजोरीमा सुधार ल्याउन सकिनेछ। स्रोत–साधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ।

**सिंह** - Leo **मा, मि, मु, मे, मो, टा, टि, टु, टे**
बोलीको प्रभावले काम सम्पादन हुनेछ। मेहनतले सम्मानित स्थान दिलाउनेछ। समस्या आए पनि हिम्मत गर्दा चुनौती पन्छाउन सफल भइनेछ। कामले प्रतिष्ठा दिलाउनेछ। बुद्धिको उपयोगले काम बन्नेछ। विद्या तथा धन आर्जन हुनेछ। बीचमा अवसरवादीहरुबाट सावधान रहनुहोला, आँटले काम सम्पादन हुनेछन्। नयाँ अवसर पनि प्राप्त हुनेछ। मौकामा सहयोगी तथा भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुन सक्छ। मिहिनेत गर्दा आँटेको काम बन्नेछ भने जुझारू कार्यशैलीले लक्ष्यमा पुर्याउनेछ। लगनशीलताले राम्रै प्रतिफल दिलाउनेछ।

**कन्या** - Virgo **टो, पा, पि, पु, ष, ण, ठ, पे, पो**
विभिन्न अवसर प्राप्त हुनेछन् भने आँटले काम लिने समय छ। तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरु पनि बढ्नेछन्। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। पेसा–व्यवसायमा मनग्य लाभ उठाउन सकिनेछ। मित्रहरुको सहयोग जुट्नाले महत्त्वपूर्ण काम बन्नेछ। शुभचिन्तकहरुको सञ्जाल फराकिलो हुनुका साथै बहुमूल्य वस्तुहरु संकलन गर्न सफल भइनेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। सप्ताहान्तमा पनि अनावश्यक साइनो गाँस्नेहरुबाट भने अलि सजग रहनुपर्नेछ।

**तुला** - Libra **रा, रि, रू, रे, रो, ता, ति, तु, ते**
प्रारम्भमा खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ। काम बिग्रने भयले पनि सताउनेछ। सोमवार र मंगलवार भने स्थिति अनुकूल बन्नाले विभिन्न अवसर प्राप्त हुने देखिन्छ। शुभचिन्तकहरुले साथ दिनेछन् भने मिहिनेत गर्दा आँटेको काम बन्नेछ। बुधवारपछि वादविवादमा परिने समय छ। आलोचकहरुले छिद्र खोतल्ने हुँदा गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला। विवादास्पद जिम्मेवारी वहन गर्नुपर्दा दुःख पाइनेछ। तापनि सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ। सहयोगीहरु जुट्नाले रोकिएको काम बन्नेछ। साथीभाइले सहयोग जुटाउनेछन्।

**बृश्चिक** - Scorpio **तो, ना, नि, नु, ने, नो, या, यि, यु**
सुरूमा मनग्य धनलाभ हुनाले मन उत्साहित बन्नेछ। लामो समयदेखिको खाँचो टर्नेछ भने जीवनशैलीमा परिवर्तन आउन सक्छ। सोमवार र मंगलवार भने खर्चिलो रहनेछ। सञ्चित धन अपुग हुनाले थप रकम जुटाउन कर्जा लिनुपर्ला। अर्थ अभावले चिताएको काममा बाधा पुग्नेछ। बुधवारदेखि रमाइलो भेटघाट हुनेछ। अध्ययनमा प्रगति हुनेछ भने व्यवसायले उचाइको मार्ग अवलम्बन गर्नेछ। आँटले काम सम्पादन हुनेछन्। विशिष्ट व्यक्तिहरुसँग निकटता बढ्न सक्छ। सप्ताहान्तमा भने केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने देखिन्छ।

**धनु** - Sagittarius **ये, यो, भा, भि, भु, धा, फा, ढा, भे**
कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ। पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ। अरुको भरपर्दा काम बिग्रन सक्छ। सोमवारदेखि आफन्त र साथीभाइको सहयोग जुट्नेछ। आम्दानीका विभिन्न स्रोत जुट्नेछन्। पेसा र व्यापारमा मनग्य लाभ हुनेछ। बुधवारपछि आकस्मिक खर्च बढ्नाले अर्थअभाव देखापर्नेछ। अरुका लागि समेत खर्च गर्नुपर्ने पनि सक्छ। समयमा होसियार नबन्दा काममा बाधा पुग्नेछ। तापनि खर्च गर्दा यात्रा गर्ने अवसर जुट्नेछ। सप्ताहान्तमा अवरोध हट्नेछन् र फाइदा हुनेछ।

**मकर** - Capricorn **भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि**
सुरूमा अस्वस्थताका बीच नयाँ जिम्मेवारी थपिन सक्छ। काममा बाधा र चुनौती देखिनेछन्। अरुको स्वार्थमा उपयोग भइनेछ, सजग रहनुहोला। सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै राजनीति र नोकरीमा प्रसिद्धि बढ्नेछ। कीर्तिमानी काम गर्ने अवसर जुट्नुका साथै आम्दानीसमेत बढ्नेछ। व्यवसायबाट सोचेको लाभ मिल्नेछ। अरुको मन जितेर लाभ उठाउन सकिनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। सप्ताहान्तमा अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला। सञ्चित रकम बाहिरिनुका साथै फजुल खर्च पनि बढ्न सक्छ।

**कुम्भ** - Aquarius **गु, गे, गो, सा, सि, सु, से, सो, द**
साता केही उतारचढावमय रहनेछ। प्रारम्भमा अस्वस्थताका बाबजुद कामको बोझ बढ्न सक्छ। तापनि अवसर पाइनेछ र सहयोगीहरुले साथ दिनेछन्। कामको सन्दर्भमा अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ। अरुको स्वार्थमा उपयोग भइने सम्भावना छ। पेसा–व्यवसायमा केही उल्झन हुनेछ। तापनि बुधवारदेखि स्थितिमा सुधार आउनुका साथै रोकिएको काम गर्न सक्षम भइनेछ। मिहिनेतले फाइदा दिलाउनेछ। श्रम परे पनि आम्दानीका स्रोतहरु बढ्नेछन् र धन संग्रह हुनेछ। सप्ताहान्तमा उपलब्धि प्राप्त गर्न सफल भइनेछ।

**मीन** - Pisces **दि, दु, थ, झ, ञ, दे, दो, चा, चि**
पहिलो दिन रमाइलो रहनेछ। प्रियजनसँग भेटघाट र यात्रा गर्ने अवसर जुट्न सक्छ। काम बन्नाले धनलाभ हुनेछ। सोमवारदेखि अप्ठ्यारा कामको बोझ थपिन सक्छ। चोटपटकको योग देखिएकाले स्वास्थ्यका लागि सजग रहनुहोला। धनमाल हराउने र ठगीमा परिने सम्भावना छ, सजग रहनुहोला। अर्थ अभावले आँटेको काम समयमा गर्न नसकिएला। बुधवारदेखि स्थितिमा सुधार आउनेछ। प्रयत्न गर्दा नयाँ काम गर्न सकिनेछ। शुभचिन्तकहरुको सहयोग जुट्नाले आँटेको काम बन्नेछ। सप्ताहान्तमा काम बन्नाले नाम, दाम र इनाम हातपार्न सकिनेछ

## स्थानीय .....

संस्थागत गर्न प्रतिबद्ध छौं ।

प्रत्येक स्थानीय तहमा जलवायु अनुकूलन योजना तयार तथा कार्यान्वयनमा प्राथमिकता दिँदै हिमताल, हिमनदी, नदी, पहिरो, हिमपहिरो, ढढेलो, खडेरी, बाढी, अतिवृष्टि, अनावृष्टि तथा अन्य जलवायुजन्य जोखिमको नियमित अनुगमन र अन्तर-सरकार समन्वयमार्फत भौगोलिक सूचनामा आधारित अद्यावधिक बहुसूचना प्रणाली विकास गर्न पहल गर्नेछौं ।

**५. पूर्वसूचना र पूर्वकार्यमा जोड**

"विपद्पछि उद्धार" केन्द्रित प्रणालीबाट "विपद् आउनुअघि जोखिम न्यूनीकरण र पूर्वकार्य" केन्द्रित प्रणालीमा रुपान्तरण हुनुपर्नेमा जोड दिन्छौं ।

सबै जोखिमयुक्त स्थानीय तहमा समुदायसम्म पुग्ने बहुप्रकोपीय पूर्वसूचना प्रणाली, आपत्कालीन सञ्चार प्रणाली तथा स्थानीय तहको विपद् पूर्वतयारी योजना सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**६. जलवायु-उत्थानशील पूर्वाधार**

सडक, पुल, खानेपानी, सिँचाइ, विद्यालय तथा अन्य शैक्षिक संस्था, स्वास्थ्य संस्था, पर्यटन पूर्वाधार तथा अन्य सार्वजनिक संरचनाको डिजाइन र निर्माणमा भविष्यको जलवायु जोखिमलाई अनिवार्य रुपमा समावेश गर्न प्रतिबद्ध छौं ।

"आजको जोखिमका लागि मात्र होइन, भोलिको जलवायुका लागि पूर्वाधार" निर्माण गर्ने नीति अवलम्बन गर्न सम्पूर्ण प्रदेश सरकार र नेपाल सरकारलाई आग्रह गर्दछौं ।

**७. जोखिममा आधारित भू-उपयोग र सुरक्षित बस्ती विकास**

उच्च जोखिमयुक्त क्षेत्रमा अनियन्त्रित बस्ती विकास तथा पूर्वाधार निर्माणलाई निरूत्साहित गरी जोखिम संवेदनशील भू-उपयोग योजना, सुरक्षित बस्ती विकास तथा जोखिम संवेदनशील विकास प्रणाली लागू गर्न पहल गर्नेछौं ।

भाग-३ : जलवायु अनुकूलन र प्रकृति संरक्षण

**८. जलस्रोत संरक्षण र जलसुरक्षाको सुनिश्चितता**

पानीका मुहान, हिमनदी, हिमताल, नदी, ताल तथा भूमिगत जलस्रोतको संरक्षण, पुनःस्थापना एवं पुनर्भरणलाई स्थानीय विकासको प्राथमिकतामा राख्नेछौं ।

जलवायु परिवर्तनका कारण पानीको उपलब्धता तथा वितरणमा देखिएको अस्थिरतालाई सम्बोधन गर्न जलस्रोत पुनर्भरण, मुहान संरक्षण, वर्षातको पानी सङ्कलन, पानीको दक्ष उपयोग तथा जलस्रोतको समन्यायिक वितरणलाई प्रवर्द्धन गर्नेछौं ।

**९. जलवायु अनुकूल कृषि तथा पशुपालन र जीविकोपार्जन**

परम्परागत, रैथाने तथा जलवायु अनुकूल बीउ, प्रविधि, सिँचाइ प्रणाली, कृषि विविधीकरण, माटो संरक्षण, पशु स्वास्थ्य तथा जलवायु-सहिष्णु कृषि प्रणालीको विकासमा जोड दिनेछौं । कृषक तथा पशुपालकलाई जलवायुजन्य जोखिमबाट हुने क्षति न्यूनीकरणका लागि बिमा, वित्तीय पहुँच, प्रविधि तथा बजार प्रणालीसँग जोड्न पहल गर्नेछौं ।

**१०. जैविक विविधता र पारि स्थितिक प्रणाली**

वन, घाँसेमैदान, सिमसार क्षेत्र, हिमाली पारिस्थितिक प्रणाली तथा जैविक विविधताको संरक्षणलाई जलवायु अनुकूलनको आधारका रुपमा स्वीकार गर्दछौं ।

प्रकृतिमा आधारित समाधान, पारिस्थितिकीय पुनःस्थापना तथा स्थानीय समुदायको नेतृत्वमा संरक्षण कार्यक्रमलाई प्राथमिकता दिनेछौं ।

**११. दिगो पर्यटन**

नेपालको पर्यटन विकासलाई जलवायु तथा वातावरणमैत्री, सुरक्षित, समावेशी र उत्थानशील बनाउन प्रतिबद्ध छौं ।

हिमाली तथा संवेदनशील क्षेत्रमा पर्यटनको वहन क्षमता, फोहोर व्यवस्थापन, पानीको उपयोग, ऊर्जा दक्षता, सुरक्षित पदमार्ग तथा विपद् सुरक्षा प्रणालीलाई पर्यटन विकाससँग जोड्नेछौं ।

भाग-४ : जलवायु वित्त र स्रोत परिचालन

**१२. स्थानीय तहमा जलवायु वित्तको प्रत्यक्ष पहुँच**

जलवायु परिवर्तनको असर स्थानीय तहमा देखिए पनि जलवायु वित्तमा स्थानीय तहको पहुँच सीमित रहेको अवस्थाप्रति गम्भीर ध्यानाकर्षण गराउँछौं ।

त्यसैले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जलवायु कोषबाट स्थानीय तह तथा स्थानीय समुदायसम्म सरल, पारदर्शी, अनुमानयोग्य, आवश्यकतामा आधारित र परिणाममुखी वित्तीय पहुँच सुनिश्चित गर्न नेपाल सरकार तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थासमक्ष आग्रह गर्दछौं ।

**१३. अनुदानमुखी जलवायु वित्त**

जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा हानि-नोक्सानी सम्बोधनका लागि उपलब्ध हुने अन्तर्राष्ट्रिय वित्तमा अनुदान तथा अत्यन्त सहुलियतपूर्ण वित्तलाई प्राथमिकता दिनुपर्नेमा जोड दिन्छौं ।

जलवायु संकटका कारण जोखिममा परेका विकासशील तथा हिमाली समुदायमाथि थप ऋणभार सिर्जना हुने वित्तीय संरचना र स्वार्थपूर्ण ऋण-पासोप्रति सावधानी अपनाउन आग्रह गर्दछौं ।

**१४. स्थानीय जलवायु कोष**

स्थानीय तहमा जोखिम, आवश्यकता र क्षमता अनुसार परिचालन गर्न सकिने गरी स्थानीय जलवायु उत्थानशीलताका लागि स्थानीय जलवायु कोष स्थापना गरी सञ्चालन गर्नेछौं ।

**१५. जलवायु बजेटको पारदर्शिता**

संघ, प्रदेश र स्थानीय तहमा जलवायु बजेटको वर्गीकरण, ट्यागिङ, सार्वजनिक सूचना तथा परिणाम मापनलाई थप व्यवस्थित गर्न आग्रह गर्दछौं ।

जलवायु वित्तको उपयोग "कति खर्च भयो?" मात्र होइन, "कति जोखिम घट्यो?" र "कति जीवन तथा जीविकोपार्जनको माध्यम सुरक्षित भयो?" भन्ने आधारमा मूल्याङ्कन गर्नुपर्नेमा जोड दिन्छौं ।

**भाग-५ : हानि तथा क्षति, विस्थापन र जलवायुजन्य बसाईंसराइ**

**१६. हानि तथा नोक्सानीको मान्यता**

जलवायु परिवर्तनका कारण हुने भौतिक क्षतिसँगै जीवन, संस्कृति, परम्परा, पहिचान, वन तथा जैविक विविधता, मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध तथा अन्य गैर-आर्थिक क्षतिलाई समेत हानि तथा क्षतिको अभिन्न पक्षका रुपमा स्वीकार गर्नुपर्नेमा जोड दिन्छौं ।

**१७. जलवायुजन्य विस्थापन**

जलवायु परिवर्तनका कारण हुने आन्तरिक बसाईंसराइ तथा विस्थापनलाई व्यवस्थित, सुरक्षित, सम्मानजनक र अधिकारमा आधारित ढंगले सम्बोधन गर्न राष्ट्रिय नीति तथा स्थानीय कार्ययोजना निर्माण गर्न आग्रह गर्दछौं ।

विस्थापित समुदायको आवास, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, भूमि तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिन्छौं ।

**१८. हिमाली समुदायको अस्तित्व संरक्षण**

हिमाली तथा उच्च जोखिमयुक्त क्षेत्रमा जलवायु परिवर्तनका कारण जीविकोपार्जन कठिन बन्दै गएका समुदायलाई आफ्नै थातथलोमा सुरक्षित र सम्मानजनक रुपमा बस्न सक्ने वातावरण सिर्जना गर्न विशेष अनुकूलन तथा आर्थिक कार्यक्रम आवश्यक रहेको घोषणा गर्दछौं ।

**भाग-६ : समावेशी र स्थानीय नेतृत्वको जलवायु शासन**

**१९. महिला तथा सीमान्तकृत समुदायको नेतृत्व**

जलवायु नीति, योजना, बजेट र निर्णय प्रक्रियामा महिला, आदिवासी जनजाति, दलित, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, युवा, कृषक, पशुपालक तथा अन्य जोखिममा रहेका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न प्रतिबद्ध छौं ।

**२०. स्थानीय ज्ञानको सम्मान**

पुस्तौंदेखि प्रकृतिसँग सहअस्तित्वमा रहेका स्थानीय तथा परम्परागत ज्ञान, सीप र अभ्यासलाई वैज्ञानिक ज्ञान तथा आधुनिक प्रविधिसँग जोड्दै जलवायु अनुकूलनको प्रभावकारी आधारका रुपमा विकास गर्नेछौं ।

**२१. युवाको सहभागिता**

जलवायु कार्यमा युवा पुस्तालाई नेतृत्वदायी भूमिकामा ल्याउन स्थानीय जलवायु युवा सञ्जाल, नवप्रवर्तन तथा हरित उद्यम प्रवर्द्धन गर्न प्रतिबद्ध छौं ।

भाग-७ : ज्ञान, विज्ञान, प्रविधि र सहकार्य

**२२. स्थानीय जलवायु सूचना प्रणाली**

स्थानीय तहलाई आवश्यक पर्ने तापक्रम, वर्षा, हिमपात, हिमनदी, हिमताल, जलस्रोत, विपद् जोखिम तथा अन्य जलवायु सूचनामा सहज पहुँच सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वैज्ञानिक संस्थासँग सहकार्य गर्न तत्पर छौं ।

**२३. अनुसन्धान र प्रमाणमा आधारित नीति**

जलवायु नीति तथा लगानीलाई वैज्ञानिक प्रमाण, स्थानीय तथ्याङ्क, जोखिम मूल्याङ्कन र समुदायको अनुभवमा आधारित बनाउन विश्वविद्यालय, अनुसन्धानात्मक संस्था तथा स्थानीय तहबीच सहकार्य सुदृढ गर्नेछौं ।

**२४. ज्ञान साझेदारी**

स्थानीय तहबीच असल अभ्यास, सफल अभ्यास, प्रविधि, अनुभव तथा सिकाइ आदानप्रदानका लागि राष्ट्रिय स्थानीय जलवायु ज्ञान सञ्जाल स्थापना गर्न पहल गर्नेछौं ।

भाग-८ : हरित तथा उत्थानशील अर्थतन्त्र

**२५. हरित रोजगारी र उद्यम**

जलवायु परिवर्तनलाई चुनौती मात्र नभई हरित अर्थतन्त्र, नवीकरणीय ऊर्जा, विद्युतीय यातायात, दिगो कृषि, प्रकृति-आधारित पर्यटन, फोहोर व्यवस्थापन, ऊर्जा दक्षता तथा वातावरणीय सेवामा नयाँ रोजगारी सिर्जना गर्ने अवसरका रुपमा उपयोग गर्नेछौं ।

**२६. नवीकरणीय ऊर्जा**

स्थानीय स्रोतमा आधारित स्वच्छ तथा नवीकरणीय ऊर्जा प्रवर्द्धन, ऊर्जा दक्षता वृद्धि तथा जीवाश्म इन्धनमाथिको निर्भरता घटाउने कार्यलाई प्राथमिकता दिनेछौं ।

**२७. निजी क्षेत्रको सहभागिता**

जलवायु उत्थानशील पूर्वाधार, हरित प्रविधि, बिमा, ऊर्जा, पर्यटन, कृषि तथा अन्य क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सार्वजनिक-निजी साझेदारी र नवीन वित्तीय उपकरणको प्रयोगलाई प्रोत्साहन गर्नेछौं ।

**भाग-९ : संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य**

**२८. बहुस्तरीय जलवायु शासन**

जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिका, जिम्मेवारी, स्रोत तथा समन्वय सुनिश्चित गर्दै जलवायुसम्बन्धी कानून निर्माण गर्न नेपाल सरकारलाई आग्रह गर्दछौं ।

**२९. स्थानीय तहको संस्थागत क्षमता**

स्थानीय तहलाई जलवायु विज्ञान, परियोजना विकास, जलवायु वित्त पहुँच, जोखिम मूल्याङ्कन, पूर्वसूचना, हरित बजेटिङ, अनुगमन तथा प्रतिवेदनमा आवश्यक प्राविधिक तथा संस्थागत क्षमता उपलब्ध गराउन नेपाल सरकार तथा विकास साझेदारसँग आग्रह गर्दछौं ।

**३०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा स्थानीय तहको आवाज**

जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवादमा स्थानीय तहको संस्थागत प्रतिनिधित्व तथा अर्थपूर्ण **सहभागिता सुनिश्चित गर्न आग्रह गर्दछौं ।**

**भाग-१० : नेपाल सरकार तथा अन्तर ष्ट्रिय समुदायसमक्ष विशेष आह्वान**

३१. हिमाली क्षेत्रमा जलवायु संकटको वैज्ञानिक अध्ययन तथा अनुसन्धान, हिमनदी तथा हिमतालको निगरानी र पूर्वसूचना प्रणाली विस्तार गर्न पर्याप्त अन्तर्राष्ट्रिय तथा राष्ट्रिय लगानी गरियोस् ।

३२. नेपालका स्थानीय तहलाई जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका लागि प्रत्यक्ष, पर्याप्त, पूर्वानुमानयोग्य र अनुदानमुखी जलवायु वित्तमा पहुँच सुनिश्चित गरियोस् ।

३३. जलवायु परिवर्तनबाट भएको तथा भविष्यमा हुने हानि तथा क्षति सम्बोधनका लागि सम्बन्धित अन्तर ष्ट्रिय संयन्त्रहरुलाई स्थानीय तह र स्थानीय समुदायसम्म प्रभावकारी रुपमा पुऱ्याइयोस् ।

३४. हिमाली तथा पर्वतीय मुलुकहरुको साझा आवाजलाई अन्तर्राष्ट्रिय जलवायु वार्तामा थप प्रभावकारी रुपमा प्रस्तुत गर्न नेपालले नेतृत्वदायी भूमिका निर्वाह गरोस् ।

३५. हिमतालहरुको निरन्तर निगरानी गर्ने प्रणाली तत्काल निर्माण एवम् लागू गरियोस् ।

३६. स्थानीय सरकार र प्रभावित समुदायलाई जलवायु वित्तमा प्रत्यक्ष तथा प्रभावकारी पहुँच सुनिश्चित गर्न आवश्यक प्रक्रिया र मापदण्ड सरल बनाइयोस् ।

३७. जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित समुदायको अनुभव, आवश्यकता र अधिकारलाई अन्तर ष्ट्रिय जलवायु वित्त तथा नीति निर्माणको केन्द्रमा राखियोस् ।

३८. जलवायु परिवर्तनका कारण सिर्जित विस्थापन, बसाईंसराइ तथा गैर-आर्थिक हानि सम्बोधन गर्न विशेष अन्तर्राष्ट्रिय सहयोग र संयन्त्र विकास गरियोस् ।

३९. तथ्यमा आधारित विपद् जोखिम आँकलन एवम् विपद् जोखिम नक्साङ्कन गरी अति जोखिमयुक्त क्षेत्रमा नेपाल सरकारले, मध्यम जोखिमयुक्त क्षेत्रमा प्रदेश सरकारले र कम जोखिमयुक्त क्षेत्रमा स्थानीय सरकारले कार्य गर्ने गरी आवश्यक कानुनी एवं अन्य आवश्यक व्यवस्था गरी जिम्मेवारी र स्रोतसाधन बाँडफाँट गरियोस् ।

४०. स्थानीय तथा आदिवासी ज्ञान, प्रकृतिपूजक संस्कृति, प्रकृति संरक्षण र समुदायको अधिकारलाई जलवायु समाधानको अभिन्न आधारका रुपमा मान्यता दिइयोस् ।

४१. संघीय सरकारले स्थानीय तहको आवश्यकता र जोखिमको प्रकृतिअनुसार जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापनसम्बन्धी प्राविधिक जनशक्ति उपलब्ध गराउन वा व्यवस्थापन गर्न विशेष कार्यक्रम अघि बढाइयोस् । स्थानीय तहमा पर्याप्त प्राविधिक जनशक्ति नहुनु जलवायु अनुकूलनलाई संस्थागत गर्न नसक्नुको प्रमुख कारण भएकाले यसलाई संघीय सरकारबाट प्राथमिकताका साथ सम्बोधन गरियोस् ।

४२. मुस्ताङ जिल्लाको सन्दर्भमा कालीगण्डकी नदी र अन्य सहायक खोलाहरुमा बालुवा, ढुंगा, गिट्टी आदि नदीजन्य पदार्थ थुप्रिने क्रम निरन्तर बढिरहेकोले बस्तीभन्दा नदीको सतह माथि आइपुग्ने अवस्था रहेको हुँदा नदी एवं खोलामा रहेका पुलहरु बगाउने र नदी किनार एवम् आसपासका बस्ती एवम् अन्य संरचना समेत बगाउने जोखिम बढ्दै गएकाले स्थानीय तहले खोला र नदीबाट नदीजन्य पदार्थ उत्खनन गर्न पाउने गरी सम्बन्धित कानून संशोधनसमेत गरी आवश्यक कानून निर्माण गरियोस् ।

४३. हामी विश्व समुदाय, विकसित राष्ट्रहरु तथा अन्तर्राष्ट्रिय जलवायु वित्तीय संयन्त्रहरु-विशेषगरी Green Climate Fund (GCF), Adaptation Fund, Fund for Responding to Loss and Damage (FRLD), Global Environment Facility (GEF), Least Developed Countries Fund (LDCF) लगायत सम्बन्धित कोष तथा वित्तीय संस्थाहरुलाई निम्न विषयमा गम्भीर र तत्काल कदम चाल्न आह्वान गर्दछौं :

- २०८२ साल भाद्र १० गते लामटाङ लिरुङ हिमालको हिमचट्टान/हिमनदी क्यालप्स भई भोटेकोशी नदीमा आएको लेदोसहितको आकस्मिक बाढीले ल्याएको महाविपत्तिले सिर्जना गरेको महासङ्कट र हानि-नोक्सानीको क्षतिपूर्ति प्रदान गरियोस् ।
- जलवायुजन्य हानि तथा नोक्सानीका लागि पूर्वानुमानयोग्य, पर्याप्त, अतिरिक्त र सहज रुपमा पहुँचयोग्य वित्तीय स्रोत सुनिश्चित गरियोस् ।
- अत्यधिक प्रभावित तथा जोखिममा रहेका हिमाली र पर्वतीय समुदायसम्म वित्तीय स्रोत पुग्ने सरल, छिटो, पारदर्शी र प्रभावकारी प्रत्यक्ष पहुँचको संयन्त्र विकास गरियोस् ।
- हानि तथा नोक्सानीलाई केवल राहत वा मानवीय सहायता नभई जलवायु न्यायको विषयका रुपमा सम्बोधन गरियोस् ।
- आर्थिक तथा गैर-आर्थिक हानि तथा नोक्सानी-जस्तै जीवन, स्वास्थ्य, संस्कृति, परम्परागत ज्ञान, जैविक विविधता, पारिस्थितिकीय प्रणाली तथा स्थानीय पहिचानलाई क्षतिपूर्ति तथा पुनःस्थापनाको दायरामा समावेश गरियोस् ।
- स्थानीय सरकार र प्रभावित समुदायलाई जलवायु वित्तमा प्रत्यक्ष तथा प्रभावकारी पहुँच सुनिश्चित गर्न आवश्यक प्रक्रिया र मापदण्ड सरल बनाइयोस् ।

**भाग-११ : स्थानीय तहहरूको साझा प्रतिबद्धता**

४४. हामी नेपालका स्थानीय तहहरु,

- आफ्ना नीति, योजना तथा बजेटमा जलवायु परिवर्तन र विपद् जोखिमलाई मूलप्रवाहीकरण गर्नेछौं ।
- जोखिम पहिचान, जोखिम नक्साङ्कन तथा पूर्वसूचना प्रणालीलाई सुदृढ गर्नेछौं ।
- जलवायु-उत्थानशील तथा जोखिम-संवेदनशील पूर्वाधार निर्माणमा जोड दिनेछौं ।
- हिमाल, पानी, वन, माटो, जैविक विविधता तथा प्राकृतिक स्रोतको संरक्षण गर्नेछौं ।
- जलवायु अनुकूल कृषि, पशुपालन तथा स्थानीय जीविकोपार्जनलाई प्रवर्द्धन गर्नेछौं ।
- महिला, युवा तथा जोखिममा रहेका समुदायलाई जलवायु निर्णय प्रक्रियामा अर्थपूर्ण रुपमा सहभागी गराउनेछौं ।
- हरित तथा उत्थानशील स्थानीय अर्थतन्त्र र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्नेछौं ।
- जलवायु तथा विपद् जोखिमसम्बन्धी स्थानीय तथ्याङ्क र ज्ञान प्रणाली विकास गर्नेछौं ।
- जलवायु वित्तको प्रभावकारी, पारदर्शी र उत्तरदायी उपयोग गर्नेछौं र स्थानीय तहहरुबीच जलवायु कार्य, ज्ञान, प्रविधि र स्रोत साझेदारी गर्नेछौं ।
- सार्वजनिक निकायहरुमा प्लास्टिकजन्य पदार्थको प्रयोगलाई निरूत्साहित गर्नेछौं ।
- जलवायुसम्बन्धी विषयलाई स्थानीय पाठ्यक्रममा क्रमशः समावेश गर्नेछौं ।
- नेपालको ७५३ स्थानीय सरकारको साझा पहिचान र साझा प्रतिबद्धता झल्किने गरी घरपझोङ गाउँपालिकाको जोमसोममा "स्थानीय सरकार जलवायु पार्क" स्थापना गर्ने संकल्प गर्दछौं ।
- खडेरी तथा जलवायुजन्य जलसंकटको प्रभाव न्यूनीकरण एवं अनुकूलनका लागि स्थानीय तहबीच सहकार्य, स्रोतको समुचित परिचालन र एकीकृत जलाधार व्यवस्थापनलाई संस्थागत गर्दै वर्षाजल सङ्कलन, भूमिगत जल पुनर्भरण, जलस्रोत संरक्षण तथा जल-दक्ष कृषि प्रणालीको प्रवर्द्धनमार्फत दिगो, जलसुरक्षित र जलवायु-उत्थानशील स्थानीय समुदाय निर्माण गर्न आवश्यक नीति, योजना, बजेट तथा कार्यान्वयन संयन्त्र सुनिश्चित गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।
- संरक्षणसम्बन्धी अवधारणाको अन्तिम बुझाइ पृथ्वीमा मानवको उत्पत्ति, मानवीय उपस्थिति, मानवीय सम्प्रभुता र वैज्ञानिक मानवीय प्रभुत्वको चतुर्भुज हुनुपर्छ । मानव अस्तित्व नै सिध्याउने वा नामेट गर्ने गरी आएका वा आउने संरक्षणसम्बन्धी अवधारणालाई क्रमशः पूर्णतः अस्वीकार गर्दै जाने घोषणा गर्दछौं ।
- जलवायु परिवर्तनविरुद्धको राष्ट्रिय र अन्तर्राष्ट्रिय अभियानमा स्थानीय सरकारको सामूहिक आवाजलाई थप सशक्त बनाउनेछौं ।

**भाग-१२ : कार्यान्वयन, अनुगमन र जवाफदेहिता**

**४५. घरपझोङ घोषणापत्र कार्यान्वयन संयन्त्र**

यस घोषणापत्रका प्रतिबद्धता कार्यान्वयन तथा प्रगति अनुगमनका लागि स्थानीय तहका प्रतिनिधि, विषय विज्ञ तथा सरोकारवाला निकायको सहभागितामा आवश्यकता अनुसार "घरपझोङ जलवायु कार्यान्वयन तथा समन्वय संयन्त्र" निर्माण गर्न पहल गरिनेछ ।

**४६. वार्षिक प्रगति समीक्षा**

घोषणापत्रमा प्रतिबद्ध विषयहरुको प्रगति प्रत्येक वर्ष समीक्षा गरी उपलब्धि, चुनौती, सिकाइ तथा आगामी कार्यदिशासहित सार्वजनिक गर्ने व्यवस्था गर्न पहल गरिनेछ ।

**४७. मापनयोग्य परिणाम**

जलवायु कार्यलाई केवल कार्यक्रम तथा बजेट खर्चका आधारमा नभई जोखिम न्यूनीकरण, जनजीवनको सुरक्षा, जीविकोपार्जनको संरक्षण, पारिस्थितिकीय प्रणालीको पुनःस्थापना, वित्तीय पहुँच र समुदायको उत्थानशीलताका आधारमा मापन गरिनेछ ।

**४८. निरन्तर संवाद**

जलवायु संकट कुनै एक सम्मेलनबाट समाधान नहुने भएकाले यस घोषणापत्रलाई निरन्तर संवाद, सहकार्य र कार्यान्वयनको आधार बनाइनेछ ।

**४९. सम्मेलनको निरन्तरता**

नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी नेपालको सम्पूर्ण स्थानीय तहहरुलाई समेटेर प्रत्येक दुई वर्षमा जलवायु परिवर्तन सम्मेलन गरी यसको निरन्तरता दिइनेछ । यसका लागि जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले समन्वयकारी भूमिका निर्वाह गर्नेछन् ।

**अन्तिम घोषणा**

**"हिमाल बचाऔँ, जलवायु बचाऔँ" प्रकृति बचाऔँ, मानव भविष्य बचाऔँ ।"**

घोषणापत्रको अन्तिम पृष्ठमा जलवायु संकटविरुद्धको लडाइँ न्याय, समानता, सहकार्य, विज्ञान, स्थानीय ज्ञान र सामूहिक उत्तरदायित्वमा आधारित हुने उल्लेख गर्दै स्थानीय तह बलियो भए जलवायु उत्थानशीलता बलियो हुने, समुदाय सुरक्षित भए राष्ट्र सुरक्षित हुने र हिमाल सुरक्षित भए मानव सभ्यताको भविष्य सुरक्षित हुने विश्वास व्यक्त गरिएको छ ।

*घोषणापत्र २०८३ भदौ ३१ गते बुधबार (१६ सेप्टेम्बर २०२६, विश्व ओजोन दिवस)का दिन जोमसोम, मुस्ताङबाट जारी गरिएको हो ।*

★ म्याग्दी जिल्लामै पहिलो ★

म्याग्दी जिल्लामै पहिलो

# बिजय गार्मेन्ट उद्योग

तपाईंको रोजाई, हाम्रो गुणस्तरीय उत्पादन !

हामीकहाँ सबै प्रकारका तयारी पोशाकहरू गुणस्तरीय रुपमा तयार गरिन्छ ।

सम्पर्क
प्रो. डिलबहादुर / अजय / बिजय
अजय 9862901610
बिजय 9849410010
बेनी बजार, म्याग्दी

हाम्रो मुख्य उत्पादनहरू




व्यक्तिगत आवश्यकता, विद्यालय, संघ-संस्था, क्लब तथा व्यवसायका लागि सबै प्रकारका तयारी पोशाकहरू तयार गरिन्छ ।

गुणस्तरीय कपडा – उच्च गुणस्तर सुनिश्चित
आकर्षक डिजाइन – आधुनिक र आकर्षक डिजाइन
उचित मूल्य – गुणस्तर अनुसार उचित मूल्य
विश्वसनीय सेवा र समयमै डेलिभरी – तपाईंको विश्वास, हाम्रो प्रतिबद्धता



DG Print
Beni Bazar, Ganesh Tool

## फ्लेक्स प्रिन्ट

डिजिटल ब्यानर, होडिङ्गबोर्ड, रिफ्लेटिकबोर्ड, लाइटबोर्ड, फ्लेक्स फोटो, स्टिकर प्रिन्ट

## स्क्रिन/अफसेट प्रिन्ट

टि-सर्ट/जर्सी प्रिन्ट, प्लाष्टिक/फेवरिट ब्याग, विवाह/ब्रतवन्ध, शुभकामना, भिजिटिङ कार्ड प्रिन्ट



9857642152, 9847642152 (069-521241) dgprint.beni@gmail.com/bhim.dip@gmail.com



# लाईट स्टार ब्युटी पार्लर

## डल हाउस एण्ड ट्रेनिङ सेन्टर

न्यूरोड, बेनी बजार म्याग्दी प्रो. मैनादेवि राई(सोनिया) ९८६४२७४१७०

हाम्रो सेवाहरूः

- आधुनिक फेसियल तथा स्किन केयर
- ब्राइडल मेकअप (विशेष अफर सहित)
- प्रोफेशनल ब्यूटी ट्रेनिङ क्लासहरू
- आइलाइसेस एक्सटेन्सन, नेल्स
- हेयर कटिङ एण्ड ब्लो ड्रायर सेटिङ, हेयर स्टाइल र कलरिङ
- मैनिक्योर, पेडिक्योर
- वाटर प्रुफ मेकअप, माइक्रो ब्लेडीङ, माइक्रो सेडीङ,
- ल्यासेज एक्सटेन्सन, नेल जेल एक्सटेन्सन

किन रोज्ने हामीलाई?

अनुभवी र मैत्रीपूर्ण स्टाफ + गुणस्तरीय प्रोडक्ट प्रयोग + आरामदायी वातावरण + उचित मूल्य



विशेष छुट सहित विशेष कक्षाहरु सञ्चालन हुँदैछन् । आफ्नो क्षमता विकास गर्ने मौकाको फाइदा लिनुहोस ।

सीप सिकेर आत्मनिर्भर बनौं
हामी सँग अनुभवी प्रशिक्षकबाट प्राक्टीकल सहितको तालिम लिनुहोस र आफ्नो करियर सुरु गर्नुहोस ।

महिला उद्यमीद्वारा हस्त निर्मित डल, कुशन, झुला, झुमरहरू पाइन्छ ।



बालकृष्ण खत्री मो. ९८५७६३२९३३ आशिष खत्री मो. ९८४७७०२९३३

# कैलाश मोटरसाइकल वर्कशप

## KAILASH MOTORCYCLE WORKSHOP

कालीपुल बेनी , म्याग्दी



यहाँ सम्पूर्ण ब्राण्डका बाईक, स्कुटी खरिद बिक्री, सम्पूर्ण पार्टसहरु पाईनुका साथै दक्ष अनुभवी मेकानीकद्वारा मर्मत तथा सर्भिसिङ गरिन्छ ।



# मंगला मेसिनरी एण्ड कृषि सामग्री केन्द्र

बालमन्दिर चोक, बेनी बजार म्याग्दी

प्रो. केशव पौडेल, सम्पर्क नम्बरः-9857628723



हामीकहाँ :-
मिनिटेलर, राईस मिल, चेन्स मेसिन, घ्याप कटर इन्डियन टनेल, नेपाली टनेल, स्प्रे ट्याङ्क, थोपा सिंचाई मोटरहरु बिक्री गरिनुका साथै मर्मत पनि गरिन्छ ।



"education for liberation"

# K.B. Academy & Boarding School

के. बि. एकेडेमी एण्ड बोर्डिङ स्कूल

मालिका-६, दरवाइ, म्याग्दी (Malika-6, Darbang, Myagdi)

# सूचना

KB Academy and Montessori Homes,
Malika-6, Darbang, Myagdi
Learn | Grow | Build a Better Tomorrow

Better Students Brighter Future

आदरणीय अभिभावकज्यू तथा प्यारा विद्यार्थीहरू,
यस KB Academy and Montessori Homes को
**दोस्रो त्रैमासिक परीक्षा यही असोज १६ गतेदेखि**
संञ्चालन हुने जानकारी गराईन्छ ।

परीक्षालाई मध्यनजर गर्दै सम्पूर्ण विद्यार्थीहरूलाई नियमित रूपमा अध्ययन गरी **राम्रो तयारी गर्न** अनुरोध गरिन्छ ।

साथै, अभिभावकज्यूहरूले घरमा पनि बालबालिकालाई पढ्ने, लेख्ने तथा अभ्यास गर्ने **शान्त र उत्सुक** वातावरण सिर्जना गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

विद्यार्थीहरूको राम्रो तयारी र उत्कृष्ट नतिजाका लागि विद्यालय र अभिभावकबीचको सहकार्य अत्यन्त महत्वपूर्ण छ ।

KB Academy and Montessori Homes
विद्यालय प्रशासन

Contact | 069-420-058 kbboarding064@gmail.com



# GoGreen

## VEGETABLE RESTAURANT

बेनी नगरपालिका ७, बालमन्दिर चोक, म्याग्दी

विना लसुन प्याजबाट
नेपाली तथा चाइनिज शाकाहारी खाना



पुरानो चाईनिज चिया सेट पनि तयार छ !

प्रो. बल बहादुर आले मगर सम्पर्क : 9869006022



प्रो. पूर्ण गौचन ९८५७६३०२७८

# होटल हिलभ्यु, थकाली भान्साघर

पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९



स्वादिलो खाना सफा वातावरण मायालु सेवा

पारिवारिक वातावरणमा आरामदायी वास तथा, कन्टिनेन्टल, नेपाली तथा स्वादिलो थकाली खानाकालागि सदैव हामीलाई सम्पर्कनुहोस् ।

WiFi FREE


लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशकः अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्कः ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादकः तुलसी सुवेदी